**"समृद्ध प्यूठान नगरपालिका निर्माणको आधार: सामाजिक न्याय र दिगो विकास सहितको पूर्वाधार"**
**प्यूठान नगरपालिकाको एक्काईसौं नगरसभामा प्रस्तुत**
**आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम**

नगरसभाका सभाध्यक्षज्यू,
नगरसभाका सदस्यज्यूहरू,
राष्ट्रसेवक कर्मचारीहरू, सञ्चारकर्मी तथा उपस्थित सम्पूर्ण महानुभावहरू,

प्यूठान नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम यस गरिमामय नगरसभा समक्ष प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुसी लागेको छ। संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना, संविधान निर्माण तथा नागरिक अधिकार प्राप्तिका लागि भएका विभिन्न आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात–अज्ञात सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै घाइते, बेपत्ता तथा आन्दोलनका क्रममा योगदान पुऱ्याउनुहुने सम्पूर्ण अग्रजहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु।

नगरपालिकाको स्वीकृत नीति तथा कार्यक्रम, १६औं योजना, दिगो विकास लक्ष्य, नगरपालिकाको आवधिक योजना, नेपाल सरकार तथा लुम्बिनी प्रदेश सरकारका नीति तथा कार्यक्रम तथा नगरवासीका आवश्यकता र अपेक्षालाई आधार मानी यो बजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ।

स्थानीय सरकारप्रति नागरिकहरूको अपेक्षा दिनप्रतिदिन बढ्दै गएको वर्तमान अवस्थामा उपलब्ध स्रोत र साधनको सीमाभित्र रही बजेट तर्जुमा गर्नु चुनौतीपूर्ण रहेको छ। एकातर्फ स्थानीय सरकारप्रति नागरिकहरूको अपेक्षा दिनप्रतिदिन बढ्दो क्रममा रहेको छ भने अर्कोतर्फ उपलब्ध स्रोत र साधनको दायरा सीमित रहेको कारण सबै क्षेत्र र सबै मागलाई एकैपटक सम्बोधन गर्न कठिन परिस्थिति सिर्जना भएको छ। कर्मचारीहरूको तलब तथा अन्य अनिवार्य प्रशासनिक दायित्वहरूमा वृद्धि हुँदै गएको, संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण तथा राजस्व बाँडफाँटमा अपेक्षित वृद्धि हुन नसकेको तथा आन्तरिक आयमा समेत उल्लेखनीय विस्तार गर्न नसकिएको कारण विकास निर्माणमा विनियोजन गर्न सकिने स्रोत सीमित रहेको छ।

यद्यपि सीमित स्रोत र साधनका बाबजुद नगरवासीका आकाङ्क्षालाई यथासम्भव सम्बोधन गर्ने, उत्पादन तथा रोजगारी वृद्धि गर्ने, सामाजिक न्याय सुनिश्चित गर्ने, गुणस्तरीय सेवा प्रवाह सुदृढ गर्ने तथा दिगो पूर्वाधार विकासलाई प्राथमिकतामा राखी बजेट तर्जुमा गरिएको छ। प्रस्तुत बजेट तथा कार्यक्रमको सफल कार्यान्वयनबाट नगरपालिकाको आर्थिक, सामाजिक, शैक्षिक, स्वास्थ्य, कृषि, पर्यटन, पूर्वाधार तथा सुशासनका क्षेत्रमा सकारात्मक परिवर्तन आउने विश्वास लिएको छु।

हाल देशभर सुशासन, पारदर्शिता, जवाफदेहिता तथा सार्वजनिक स्रोत–साधनको प्रभावकारी उपयोगप्रति नागरिकहरूको चासो र अपेक्षा बढिरहेको सन्दर्भमा यस बजेटले पनि सोही मर्मलाई आत्मसात गरेको छ। सार्वजनिक खर्चमा मितव्ययिता, वित्तीय अनुशासन, पारदर्शिता, प्रविधिमैत्री सेवा प्रवाह तथा विकास आयोजनाहरूको गुणस्तरीय

कार्यान्वयनमार्फत उपलब्ध स्रोतको अधिकतम प्रतिफल प्राप्त गर्ने लक्ष्य लिइएको छ। जनताले तिरेको कर र सार्वजनिक स्रोतको प्रत्येक रकमबाट अधिकतम उपलब्धि हासिल गर्ने तथा सुशासनलाई संस्थागत गर्दै नागरिकको विश्वास अझ सुदृढ बनाउने अपेक्षा यस बजेटले राखेको छ।
यस बजेट तथा कार्यक्रममार्फत समृद्ध, व्यवस्थित, समावेशी, उत्तरदायी तथा आत्मनिर्भर प्यूठान नगरपालिका निर्माण गर्ने हाम्रो साझा अभियानलाई थप बल पुग्ने विश्वास लिएको छु।

यस प्यूठान नगरपालिकाको आ.व. २०८२/०८३ को जम्मा बजेट ९३,६१,१७,०४० (अक्षरोपी त्रियानब्बे करोड एकसाठ्ठी लाख सत्र हजार चालिस रुपैया ) रहेकोमा हालसम्म भएको वित्तीय प्रगति हेर्दा  चालु खर्च ७४.४४ % र पुँजिगत खर्च ३४.३६ % गरी समग्र वित्तीय प्रगति  ६२.५९%   प्रतिशत भएकोछ । आर्थिक वर्षको अन्त्य सम्ममा वित्तीय प्रगति ८० प्रतिशत भन्दा वढी हुने अपेक्षा गरेको छु ।

**अब मा आ.ब. २०८३/०८४ को प्रस्तावित बजेटका उद्देश्यहरु सभा समक्ष पेस गर्न चाहन्छु ।**

प्रस्तुत बजेटका प्रमुख उद्देश्यहरू निम्नानुसार रहेका छन्–

- गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा सामाजिक सुरक्षामा नागरिकको पहुँच विस्तार गर्ने,
- दिगो तथा गुणस्तरीय पूर्वाधार निर्माणलाई जोड दिने,
- वातावरण संरक्षण, विपद् व्यवस्थापन तथा जलवायु अनुकूलनलाई सुदृढ गर्ने,
- सुशासन, पारदर्शिता तथा प्रविधिमैत्री सेवा प्रवाहलाई प्रवर्द्धन गर्ने,
- सीमित स्रोत र साधनको अधिकतम उपयोग गरी विकासको प्रतिफल नागरिकसम्म पुऱ्याउने ।

**अब मा आ.ब. २०८३/०८४ को प्रस्तावित बजेटका प्राथमिकताहरु सभा समक्ष पेश गर्न चाहन्छु ।**
प्रस्तुत बजेटका प्रमुख प्राथमिकताहरु निम्नानुसार रहेका छन्–

- सामाजिक बिकास अन्तर्गत शिक्षा तथा स्वास्थ्य सेवामा सुधार तथा गुणस्तर अभिवृद्धिमा जोड दिने ,
- दिगो तथा गुणस्तरीय पूर्वाधार विकास गर्ने,
- कृषि, पशुपालन, उत्पादन तथा रोजगारीका अबसरमा अभिवृद्धि गर्ने,
- वातावरण संरक्षण तथा विपद् व्यवस्थापनमा जोड दिने ,
- सुशासन तथा सार्वजनिक सेवा प्रवाहको गुणस्तर अभिवृद्धिमा जोड दिने,

नगर सभाका सदस्यहरु,
अब म प्यूठान नगरपालिकाको आर्थिक वर्ष २०८३/८४ को आय तथा व्ययको संक्षिप्त विवरण सभामा पेश गर्न चाहन्छु ।

**आय अनुमान**

| | | | |
|---|---|---|---|
| **प्यूठान नगरपालिका** | | | |
| **प्यूठान नगरपालिकाको आ.व.२०८३/०८४ का लागि अनुमानित आय विवरण** | | | |
| **सि न.** | **आयका शीर्षकहरु** | **आ.व. २०८३/८४ को अनुमानित लक्ष्य** | **कैफियत** |
| **क** | **आन्तरिक आयका शीर्षकहरु** | | |
| १ | एकिकृत सम्पत्ति कर | ८०,००,००० | |
| २ | मालपोत भुमीकर / घरजग्गाकर | ० | |
| ३ | घर बहाल कर | ६०,००,००० | |
| ४ | व्यापार व्यवसाय कर | ६५,००,००० | |
| ५ | जडिवुटी कर | १,००,००० | |
| ६ | कवाडी कर | ९,००,००० | |
| ७ | जिवजन्तु निकासी पैठारी | १,००,००० | |
| ८ | आयतित तरकारी | १,००,००० | |
| ९ | सवारी साधन कर | २,००,००० | |
| १० | विज्ञापन कर | २,५०,००० | |
| ११ | अन्य आय | ३०,००,००० | |
| १२ | दस्तुर, सेवा शुल्क, जरिवाना | २९,५०,००० | |
| १३ | ढुङ्गा गिट्टी बालुवा दहत्तर बहत्तर समेत | ८५,००,००० | |
| १४ | अन्य सेवा शुल्क तथा विक्री | १५,००,००० | |
| १५ | अन्य प्रशासनिक सेवा शुल्क | ४०,००,००० | |
| १६ | राजस्व बाँडफाँटबाट प्राप्त रकम (मालपोत रजिष्ट्रेसन दस्तुर) | १,५०,००,००० | |
| १७ | मनोरञ्जन कर तथा पर्यटन शुल्क | ४,००,००० | |
| १८ | टिकुरी बसपार्क ठेक्का व्यवस्थापन | ५,००,००० | |
| १९ | शहिद पार्क ठेक्का व्यवस्थापन | १,००,००० | |
| | **जम्मा** | **५,८१,००,०००** | |
| **ख** | **राजस्व बाँडफाँटबाट प्राप्त रकम** | | |

| | | | |
|---|---|---|---|
| १ | राजस्व बाँडफाँटबाट प्राप्त रकम (खानी तथा खनिज ) | ० | |
| २ | राजस्व बाँडफाँटबाट प्राप्त रकम (प्राकृतिक स्रोतको रोयल्टी ) | ० | |
| ३ | राजस्व बाँडफाँटबाट प्राप्त रकम (बिद्युत ) | ० | |
| ४ | राजस्व बाँडफाँटबाट प्राप्त रकम (पानी तथा अन्य प्राकृतिक स्रोत ) | ० | |
| ५ | राजस्व बाँडफाँटबाट प्राप्त रकम (वन/ ) | ० | |
| ६ | राजस्व बाँडफाँटबाट प्राप्त रकम (मूल्य अभिवृद्धि कर ) | ० | |
| ७ | राजस्व बाँडफाँटबाट प्राप्त रकम (केन्द्रीय/संघीय सरकार) | ११,५०,५६,००० | |
| ८ | राजस्व बाँडफाँटबाट प्राप्त रकम (प्रदेश | १,४५,६८,००० | |
| | **जम्मा** | १२,९६,२४,००० | |
| **ग** | **विभिन्न शीर्षकमा गत आ.व.को अल्या (अनुमानित)** | २,००,००,००० | |
| **घ** | संघीय सरकारबाट प्राप्त | | |
| १ | नेपाल सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान | १२,४७,००,००० | |
| २ | संघीय सरकार समपुरक अनुदान | ४०,००,००० | |
| ३ | नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान | ३३,४४,००,००० | |
| ४ | नेपाल सरकारबाट प्राप्त विशेष अनुदार | ९०,००,००० | |
| **जम्मा** | | ४७,२१,००,००० | |
| **ङ** | प्रदेश सरकारबाट प्राप्त | | |
| १ | प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान | ८४,८६,००० | |
| २ | प्रदेश सरकार समपुरक अनुदान | १,२०,००,००० | |
| ३ | प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान | १,६४,००,००० | |
| ४ | प्रदेश सरकार विशेष अनुदान | २१,००,००० | |
| **जम्मा** | | **३,८९,८६,०००** | |
| **च १** | सामाजिक सुरक्षा कार्याक्रम अनुमानित | १८,००,००,००० | |
| **जम्मा** | | **१८,००,००,०००** | |
| | सवै जम्मा (क+ख+ग+घ+ङ+च) | ८९,८८,१०,००० | |

**व्यय अनुमान**

आर्थिक वर्ष २०८३/०८४ का लागि कुल रु. ८९,८८,१०,००० व्यय प्रस्ताव गरिएको छ।

| | | | |
|---|---|---|---|
| **प्यूठान नगरपालिका** | | | |
| **आ.व.२०८३/०८४ का लागि कार्य क्षेत्रगत व्यय अनुमान** | | | |
| **सि.न.** | **खर्च शिर्षक** | **जम्मा रकम रु.** | **कै.** |
| **आर्थिक विकास (१)** | | | |
| १ | कृषि शाखा तर्फ | ६०,००,००० | |
| २ | पशु सेवा शाखा तर्फ | ४५,००,००० | |
| ३ | आर्थिक विकास शाखा तर्फ (लघु उद्यम सहित) | २५,००,००० | |
| ४ | बेसार प्रशोधन | ५,००,००० | |
| ५ | राजश्व शाखा व्यवस्थापन | ५,००,००० | |
| **जम्मा** | | **१,४०,००,०००** | |
| **सामाजिक विकास (२)** | | | |
| १ | युवा, शिक्षा तथा खेलकुद शाखा तर्फ | ५,०८,००,००० | |
| २ | स्वास्थ्य शाखा तर्फ | ७०,००,००० | |
| ३ | महिला तथा बालबालिका शाखा / लक्षित वर्ग सहित | ३०,००,००० | |
| ४ | न्यायिक समिति व्यवस्थापन/कानुनी इकाई | १०,००,००० | |
| ५ | ग वर्गका अपाङ्गता लाई सामाजक सुरक्षा भत्ता/स्वस्थ्य विमा कार्यक्रम | २०,००,००० | |
| ६ | थप सामाजिक विकास तर्फका अतिरिक्त कार्यक्रमहरु | ८४,५०,००० | |
| **जम्मा** | | **७,२२,५०,०००** | |
| **पूर्वाधार विकास (३)** | | | |
| १ | वडाका योजना तथा कार्यक्रमहरु | ३,७०,००,००० | |
| २ | सडक, भवन पूर्वाधार तथा अन्य पुँजीगत | २,०३,५०,००० | |

| | | | |
|---|---|---|---|
| ३ | संघीय/प्रदेस सरकार समपुरक अनुदान म्याचिङ (सडक बोड, झो.पु.) सहित | १,९९,००,००० | |
| ४ | नेवा खानेपानी म्याचिङ | ६१,००,००० | |
| ५ | अल्यादायित्व भुक्तानी (अनुमानित) | २,००,००,००० | |
| ६ | पुजिगत अनुसन्धान तथा परामर्श | १०,००,००० | |
| ७ | मेयर उपमेयर कोष | ० | |
| **जम्मा** | | **१,०४,३५,००००** | |
| **वातावरण तथा विपद व्यवस्थापन तर्फ (४)** | | | |
| **जम्मा** | | **४५,००,०००** | |
| **संस्थागत विकास, सेवा प्रवाह र सुशासन (५)** | | | |
| १ | चालु खर्च | १४,०२,१०,००० | |
| २ | उपभोक्ता अनुशिक्षण कार्यक्रम | ५,००,००० | |
| ३ | रेडियो, पत्रपत्रिका, सन्देशमूलक सुचना तथा सम्प्रेषण कार्यक्रम | ८,००,००० | |
| ४ | जनप्रतिनिधिहरु/कर्मचारीहरुका लागि तालिम तथा अभिमुखिकरण कार्यक्रम | ५,००,००० | |
| ५ | नगर सभा सन्चालन खर्च | १०,००,००० | |
| ६ | कर्मचारी कल्याण कोष | १०,००,००० | |
| ७ | स्वास्थ्य उपचार सहयोग | १०,००,००० | |
| ८ | आर्थिक सहयोग | ८,००,००० | |
| ९ | अल्या दायित्व भुक्तानी चालु | ० | |
| **जम्मा** | | **१४,५८,१०,०००** | |
| १ | प्रदेश सरकार सर्शत अनुदान | १,६४,००,००० | |
| २ | प्रदेश सरकार विशेष अनुदान | २१,००,००० | |
| ३ | प्रदेश सरकार समपुरक अनुदान | १,२०,००,००० | |
| ४ | संघीय सरकार सर्शत अनुदान | ३३,४४,००,००० | |
| | संघीय सरकार विशेष अनुदान | ९०,००,००० | |
| ५ | संघीय सरकार समपुरक अनुदान | ४०,००,००० | |

| | | | |
|---|---|---|---|
| ६ | सामाजिक सुरक्षा कार्यक्रम (अनुमानित) | १८,००,००,००० | |
| **जम्मा** | | **५५,७९,००,०००** | |
| **कुल अनुमानीत व्यय रकम रु.** | | **८९,८८,१०,०००** | |

**नगर सभा सदस्यज्यूहरू,**

**"समृद्ध प्यूठान नगरपालिका निर्माणको आधार, सामाजिक न्याय र दिगो विकास सहितको पूर्वाधार"** भन्ने हाम्रो साझा संकल्पलाई सफल बनाउन सबै पक्षबाट प्राप्त हुने सहयोग, सहकार्य र सद्भावले नै यस बजेट तथा कार्यक्रमलाई पूर्णता प्रदान गर्ने विश्वास व्यक्त गर्दछु।

अन्त्यमा, बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रियामा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनुहुने नगरप्रमुखज्यू, कार्यपालिका सदस्यज्यूहरू, विषयगत समितिहरू, प्रमुख प्रशासकीय अधिकृतज्यू, सम्पूर्ण कर्मचारी साथीहरू, बुद्धिजीवी, सञ्चारकर्मी, विकास साझेदार तथा सम्पूर्ण नगरवासीप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

**धन्यवाद ।**